बैठक मितिः २०८३/०५/३१

## भाद्र महिनाको पहिलो कार्यपालिका बैठकका मुख्य निर्णयहरु

**निर्णय नं. १ जिल्ला दररेट स्वीकृति सम्बन्धमाः-** सार्वजनिक खरिद नियमावली २०६४, को नियम १० साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा १३ को प्रयोजनार्थ, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ अनुसार गठित जिल्ला स्तरिय दररेट निर्धारण समितिको मिति २०८३ असार ३० गतेको निर्णय बमोजिम आ.व. २०८३/०८४ को लागि निर्धारण गरेको निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको जिल्ला दररेट लाई नै स्थानीय न्यूनतम दररेट कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमाः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को अधिनमा रहि संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धी राष्ट्रिय मापदण्ड, २०८२ को नियम ७ बमोजिम तपसिलका सदस्यहरु रहने गरी सर्वेक्षण समितिको गठन गरी यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सोही मापदण्डको नियम ५ को उपनियम (३) बमोजिम कार्यपालिकाबाट पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सुदिप सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | संयोजक | |
| २ | श्री घनश्याम वेलबासे | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य | |
| ३ | श्री विष्णु प्रसाद न्यौपाने | अधिकृत सातौं, प्रशासन शाखा | सदस्य सचिव | |

**निर्णय नं. ३ सेवा करार नवीकरण सम्बन्धमाः-** गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न गरी स्वीकृति भए पश्चात सोही बमोजिम हुने गरि गाउँसभाको १८औं अधिवेशनको निर्णय बमोजिम हाललाई आ.व. २०८३/०८४ मा सेवा करार, दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको मिति २०८३/०४/०१ देखि मिति २०८३/०९/३० सम्म करार सम्झौता नवीकरण गरी कामकाजमा लगाउने निर्णय गरियो।

स्थानीय सरकार
शिवपुरी गाउँपालिका
बेरावनर, नुवाकोट
बागमती प्रदेश, नेपाल

सुदिप सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ४ प्रारम्भीक वातावरणीय परिक्षण सम्बन्धमा:-** वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ (ग) तथा नियमावली २०७७, को नियम ३ को अनुसूची (छ) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि खरिद प्रक्रिया अगाडि बढाउने साथै गाउँपालिका द्वारा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन तथा नदिजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि,२०७७ बमोजिम पेश भएको कार्यसूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ अत्यावश्यक कर्मचारी पदपूर्ति सम्बन्धमा:-** नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट सशर्त अनुदान मार्फत हस्तान्तरिक कार्यक्रममा "**म स्वास्थ्य, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत एक स्थानीय तह, एक जनस्वास्थ्य अधिकृत कार्यक्रम**" सञ्चालन गर्नको लागि सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८३ मा तोकिएको जनस्वास्थ्य अधिकृत र गाउँपालिका अन्तर्गतका वडा तथा स्वास्थ्य चौकीमा अत्यावश्यक रहेको कार्यालय सहयोगी पदमा करार सेवामा पदपूर्तिका लागि प्रक्रिया अगाढी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौं | १ (एक) | गाउँपालिका अन्तर्गत |
| २ | कार्यालय सहयोगी | प्रथमस्तर | ३ (तीन) | ७ नं. वडा कार्यालय, सुनखानी<br>८ नं. वडा कार्यालय, थानापती<br>छाप स्वास्थ्य चौकी, २ नं. वडा कार्यालय |

**निर्णय नं. ६ आ.ब. २०८३/०८४ को लागि सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण तथा प्रकाशन सम्बन्धमा:-** रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ को उपनियम (५) र (६) बमोजिम रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा वडा कार्यालयहरुबाट सिफारिस भई आएका व्यक्तिहरुको विवरण प्रविष्ट पश्चात तयार भएको सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण भएको सूचीलाई स्वीकृत गरी प्रकाशन गर्ने निर्णय गरियो ।

सुदिप सापकोटा
प्रमुख प्रशासकीय अधिकृत